विश्व प्रतिजैविक प्रतिरोध सचेतना सप्ताह, २०२६ को संयुक्त शुभकामना सन्देश

विश्व स्वास्थ्य संगठन, खाद्य तथा कृषि संगठन, विश्व पशु स्वास्थ्य संगठन र संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको संयुक्त आह्वानमा प्रत्येक वर्ष **नोभेम्बर १८ देखि २४ सम्म विश्व प्रतिजैविक प्रतिरोध सचेतना सप्ताह** मनाउने गरिन्छ। प्रतिजैविक औषधिहरूको प्रभावकारिता जोगाउँदै प्रतिजैविक प्रतिरोध (AMR)को बढ्दो जोखिमलाई रोकथाम तथा नियन्त्रणका लागि विश्वव्यापी रूपमा सचेतना, प्रतिबद्धता र ठोस कार्यलाई प्रवर्द्धन गर्ने उद्देश्यले यो सप्ताह मनाइँदै आइएको छ। यस वर्ष पनि नेपालमा विभिन्न सचेतनामूलक तथा प्रवर्द्धनात्मक कार्यक्रमसहित विश्व प्रतिजैविक सचेतना सप्ताह मनाइँदैछ।

प्रतिजैविक प्रतिरोध आज विश्वसामु देखिएको गम्भीर स्वास्थ्य चुनौतीमध्ये एक हो। यसको प्रभाव मानव स्वास्थ्यमा मात्र सीमित नभई पशु स्वास्थ्य, खाद्य प्रणाली, वातावरण र समग्र अर्थतन्त्रमा समेत परेको छ। प्रतिजैविक अथवा एन्टिमाइक्रोबियल औषधिहरू आधुनिक स्वास्थ्य सेवा, पशु स्वास्थ्य, कृषिजन्य उत्पादन र रोग नियन्त्रणका लागि जीवनरक्षक साधन हुन्। तर मानव स्वास्थ्य, पशु स्वास्थ्य तथा खाद्य उत्पादनमा प्रतिजैविक औषधिको अनुचित तथा अत्यधिक प्रयोग र संक्रमणको पर्याप्त रोकथाम तथा नियन्त्रण नहुँदा यी जीवनरक्षक औषधिहरूको प्रभावकारिता घट्दै गएको छ। प्रतिजैविक प्रतिरोध आजको मात्र नभई भावी पुस्ताको स्वास्थ्य र दिगो विकासका लक्ष्य प्राप्तिसँग जोडिएको चुनौती पनि हो।

प्रतिजैविक प्रतिरोध रोकथाम तथा नियन्त्रणको कार्यलाई अभियानमा मात्र सीमित नराखी व्यवहार, सेवा प्रणाली र नीतिगत कार्यान्वयनमा रूपान्तरण गर्नुपर्छ। प्रतिजैविक प्रतिरोधको रोकथाम र नियन्त्रणको लागि मानव, पशु, वनस्पतिको स्वास्थ्य र वातावरण एकअर्कासँग जोडिएको छ भन्ने मान्यतामा आधारित 'एक स्वास्थ्य' (One Health) अवधारणा मार्फत हामीले सामूहिक प्रयासलाई अझ सुदृढ बनाउन आवश्यक छ। नेपाल सरकारले प्रतिजैविक प्रतिरोधलाई महत्वपूर्ण चुनौतीका रूपमा स्वीकार गर्दै यसको रोकथाम र नियन्त्रणका लागि **प्रतिजैविक प्रतिरोध राष्ट्रिय कार्ययोजना (२०८०/८१ – २०८४/८५)** कार्यान्वयन गरिरहेको छ। प्रतिजैविक प्रतिरोधको प्रभावकारी निगरानी, प्रतिजैविक औषधिको प्रयोगको अनुगमन, संक्रमण रोकथाम तथा नियन्त्रण, प्रयोगशाला तथा निदान क्षमता सुदृढीकरण, गुणस्तरीय औषधिमा पहुँच र प्रतिजैविक औषधिको विवेकपूर्ण प्रयोगलाई अझ सुदृढ बनाउन निरन्तर प्रयास आवश्यक छ। यसको लागि सरकारको एकल प्रयास मात्र अपर्याप्त हुन्छ। स्वास्थ्यकर्मी, पशु स्वास्थ्यकर्मी, कृषक, औषधि व्यवसायी, वातावरणीय क्षेत्रमा कार्यरत व्यक्ति, अनुसन्धानकर्ता, सञ्चारकर्मी, विद्यार्थी तथा प्रत्येक नागरिकको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण छ। यस वर्षको विश्व प्रतिजैविक प्रतिरोध सचेतना सप्ताहको नारा **"One Health, One action: Prevent AMR Now" ("एक स्वास्थ्य एक अभियान: प्रतिजैविक प्रतिरोधको आजैबाट रोकथाम")** ले पनि सबै क्षेत्रको भूमिकालाई जोड दिएको छ। हरेक क्षेत्रबाट चालिने जिम्मेवार कदमले प्रतिजैविक प्रतिरोध रोकथाम तथा नियन्त्रणमा ठूलो योगदान पुऱ्याउन सक्छ।

विश्व प्रतिजैविक प्रतिरोध सचेतना सप्ताह, २०२६ को अवसरमा नेपाल सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय तथा कृषि, वन तथा पर्यावरण मन्त्रालयले प्रतिजैविक प्रतिरोधको रोकथाम तथा नियन्त्रणका लागि एक स्वास्थ्य (One Health) अवधारणामा आधारित समन्वित, बहुक्षेत्रीय र उत्तरदायी कार्यलाई थप तीव्रता दिन प्रतिबद्धता व्यक्त गर्दै सबै सरोकारवाला तथा नागरिकहरूमा यी जीवनरक्षक प्रतिजैविक औषधिहरूको विवेकपूर्ण तथा जिम्मेवारपूर्वक प्रयोग गर्न आह्वान गर्दछौं। अन्त्यमा, प्रतिजैविक प्रतिरोध रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारको यस कार्यमा सबै सरोकारवालाहरूको सहकार्य, निरन्तर सहयोग, र प्रतिबद्धताको हार्दिक अपिल गर्दै विश्व प्रतिजैविक प्रतिरोध सचेतना सप्ताह, २०२६ को सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

.....

गिता चौधरी
माननीय मन्त्री
कृषि, वन तथा पर्यावरण मन्त्रालय

मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

.....

निशा मेहता
माननीय मन्त्री
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

निशा मेहता
मन्त्री

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
सिंहदरबार, काठमाडौं